# स्थानीय राजपत्र

## बलेफी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-८ सङ्ख्या-४ बलेफी स्थानीय राजपत्र प्रकाशित मिति २०८१/०७/१३

## भाग-२

**बलेफी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालयको सूचना**

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१

**प्रस्तावना** : बलेफी गाउँ कार्यपालिकाको मिति २०७९/११/२५ को बैठकबाट स्वीकृत भई राजपत्रमा प्रकाशित खण्ड ६ संख्या ३ "सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९" लाई तत्काल समसामायिक संशोधन गर्ने वाञ्छनीय भएकोले,

बलेफी गाउँ कार्यपालिकाको मिति २०८१/०७/१३ को बैठकको निर्णय नं. ७ बमोजिम यो कार्यविधि संशोधन गरि जारि गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम **"सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८१"** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(ग) यो कार्यविधि बलेफी गाउँपालिका दिवा खाजा कार्यक्रम लागु भएका सामुदायिक विद्यालयहरुको हकमा मात्र लागू हुनेछ।

२. **सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २१ मा संशोधन** : सामुदायिक विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०७९ को दफा २१ मा खण्ड (ग) थप गरि उक्त खण्ड (ग) मा " **बलेफी गाउँपालिकाले सामुदायिक विद्यालयमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयमा उपस्थित भई हाजिर भएको दिनको प्रति हाजिरी रु. २० (वीस) मात्र का दरले विद्यालयलाई उपलब्ध गराउने र नपुग भएको खण्डमा गाउँपालिकाले अन्य संघसंस्थाहरुसँग समन्वय गरी स्रोतको खोजी गर्नेछ** " भनि थप गरिएको छ।

आज्ञाले,

सुर्य बहादुर तामाङ

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८१/०७/१३